श्री ५ को सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालय

# सडक विभाग

**हेभी इक्युपमेण्ट डिभिजन**

काठमाण्डौ, नेपाल

मिति : ......................

## यान्त्रिक उपकरण भाडामा प्राप्त गर्न निवेदन पत्र

....................................... कामको लागि सडक विभागको नियमानुसार निम्न लिखित यान्त्रिक उपकरणहरु उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछु ।

| क्र.सं. | यान्त्रिक उपकरण | कार्यको विवरण | स्थान | सिफ्ट | कहिले देखि | अनुमानित कार्य अवधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |

यस विभागको नियमानुसार भाडा बिल प्राप्त भएपछि कट्टा हुने गरि हाल विभागवाट निर्धारित पेश्की दिन र यसै साथ संलग्न निवेदकले पालना गर्नु पर्ने नियम तथा शर्तहरु पालना गर्न समेत मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम, ठेगाना :–

टेलिफोन नं:–

निवेदक वा निजको प्रतिनिधिको हस्ताक्षर

---

**अफिसको कामको लागि मात्र**

श्री लेखा शाखा,

हे.डि.ई., ............... :: निम्न बमोजिम रकम धरौटीमा लिनुहोला

| भाडामा दिने यान्त्रिक उपकरणको विवरण | भाडा दर | | धरौटी राख्नु पर्ने अनुमानित रकम |
|---|---|---|---|
| | प्रति घण्टा | प्रति सिफ्ट | |
| | | | |

धरौटी रकम प्राप्त भएको प्रमाणित गर्ने अधिकृतको दस्तखत :–

**निवेदकले पालन गर्नु पर्ने नियम तथा शर्तहरु**

१. साधारणतया बिहान ८ बजे देखि बेलुका ६ बजे सम्म १० घण्टाको १ सिफ्ट हुनेछ । तर यान्त्रिक उपकरण भाडामा लिने निकायले माग गरेमा अन्य कुनै समयवाट १० घण्टाको १ सिफ्ट कायम गरि यान्त्रिक उपकरण भाडामा दिन सकिने छ । १ दिनमा १० घण्टा भन्दा बढी २० घण्टा सम्म चलेमा २ सिफ्टको भाडा लाग्ने छ । बिहान ० बजे देखि राती १२ बजे सम्मको समयलाई १ दिन मानिने छ ।

२. १ दिनको लागि यान्त्रिक उपकरण माग भएमा ७ घण्टा सम्म वा ७ घण्टा भन्दा बढीको लागि पनि hourly hire rate अनुसार यान्त्रिक उपकरण भाडामा दिइने छ । यान्त्रिक उपकरण भाडामा दिईएको समय देखि यान्त्रिक उपकरण फिर्ता नबुझाए सम्म यान्त्रिक उपकरण चले पनि नचले पनि (यान्त्रिक उपकरण बिग्रिएको अवस्थामा वाहेक) पुरा भाडा लाग्नेछ ।

३. यान्त्रिक उपकरण बिग्रिएको समयको भाडा नलाग्ने र यान्त्रिक उपकरण बिग्रीएको दिन यान्त्रिक उपकरण संचालन भएमा १० घण्टा संचालन हुदा १ सिफ्टको भाडा लिने गरी चलेको घण्टाको अनुपातमा भाडा लाग्नेछ ।

४. सार्बजनिक बिदाको दिन यान्त्रिक उपकरण संचालन नभएमा भाडा लाग्ने छैन ।

५. काम भएको ठाउंमा यान्त्रिक उपकरणको कुनै पनि हानि नोक्सानी चोरि नहुने गरि रेखदेख गर्ने उत्तरदायित्व निवेदकको हुनेछ ।

६. यान्त्रिक उपकरण लैजानु भन्दा पहिले निबेदकले सम्बन्धित यान्त्रिक निकाय द्धारा भाडा वापत निर्धारित पेश्की धरौटी स्वरुप कार्यालयमा बुझाउनु पर्नेछ । जति समयको लागि यान्त्रिक उपकरण माग गरिएको छ, अथवा सम्वन्धित यान्त्रिक निकायवाट इष्टिमेट गरिएको छ, सो समयको लाग्ने भाडा रकममा २५ प्रतिशत थप गरि हुन आउने रकम सम्बन्धित यान्त्रिक निकायको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

७. इष्टिमेट भन्दा बढी काम गर्न सम्बन्धित यान्त्रिक निकायको थप स्वीकृति लिनु पर्नेछ र नियम (६) अनुसार पुनः धरौटी दाखिला गर्नु पर्नेछ ।

८. यान्त्रिक उपकरण भाडा सम्वन्धमा कुनै कुरा स्पष्ट नभै बिवाद उत्पन्न भएमा सडक बिभागको निर्णय अन्तिम हुनेछ ।

९. प्रत्येक दिन काम समाप्त भएपछि यान्त्रिक उपकरणको फ्युल टेंकमा निवेदकले आफ्नो तर्फवाट इन्धन हाली अवश्यमेव भरि गर्नु पर्नेछ ।

१०. कुनै समयमा पनि कार्यालयको आवश्यकता अनुसार वा प्राविधिक कारणले कुनै पनि यान्त्रिक उपकरण भाडामा दिने नदिने फिल्डमा प्रयोग भैरहेको यान्त्रिक उपकरण पनि संचालन गर्ने नगर्ने, निवेदकलाई पुर्वः सूचना नदिइकन यान्त्रिक उपकरण फिर्ता ल्याउने अधिकार सम्वन्धित यान्त्रिक निकायको हुनेछ ।

११. यान्त्रिक उपकरण लैजान, संचालन गर्न र फिर्ता गर्न आवश्यक इन्धनको व्यवस्था निवेदकले गर्नु पर्ने छ । फिर्ता गर्न आवश्यक इन्धन निवेदकले नराखेमा धरौटीवाट आवश्यक रकमको इन्धन खरिद गर्ने अधिकार पनि सम्वन्धित यान्त्रिक निकायमा निहित हुनेछ ।

१२. यान्त्रिक उपकरणहरु काम गर्दा बिग्रन गई मर्मत गर्न समय लागेको कारणवाट निवेदकको काममा कुनै प्रकारको बाधा नोक्सानी पर्न गएमा सो वारे बिभाग जिम्मेवार रहने छैन ।

१३. यान्त्रिक उपकरणहरु जुन कामको लागि जसलाई भाडामा दिइएको छ सो बाहेक अन्य काममा प्रयोग गर्न पाईने छैन ।

१४. यान्त्रिक उपकरण संचालन गर्दा कार्य क्षेत्रका संधियार कसैलाई हानी नोक्सानी भएमा सो को क्षतीपूर्तीको जिम्मेवारी यान्त्रिक उपकरण भाडामा लग्ने निकायकै हुनेछ ।

१५. एउटा निकायलाई भाडामा दिईएको यान्त्रिक उपकरण भाडामा दिने यान्त्रिक निकायले आफ्नो वर्कशपमा फिर्ता नल्याई ढुवानी सुबिधालाई ध्यानमा राखी अर्को निकायलाई भाडामा दिन सकिने छ तर एउटा निकायको यान्त्रिक उपकरण संचालन घण्टा अर्को निकायको यान्त्रिक उपकरण संचालन घण्टा संग जोड्न सकिने छैन ।

१६. निम्न लिखित यान्त्रिक उपकरणहरु भाडामा दिदा भाडामा यान्त्रिक उपकरण लिनेले आफ्नै खर्चमा यान्त्रिक उपकरण Erection/ Commissioning/ Dismantling गर्नु पर्नेछ र लामो समयको लागि भाडामा जाने यस्ता यान्त्रिक उपकरणहरुको संचालनको रेखदेख गर्न भाडामा यान्त्रिक उपकरण लाने व्यक्तिले नै सडक विभागवाट सुपरभाइजर लानु पर्नेछ । उक्त यान्त्रिक उपकरण संचालनका लागि आवश्यक कामदारहरुको टोली राख्ने शर्तमा मात्र सम्वन्धित यान्त्रिक निकायवाट यान्त्रिक उपकरण उपलब्ध गराइने छ ।

यान्त्रिक उपकरणहरु :

1 Ashphalt Plant 2 Pile Driver 3 Stone Crusher 4 Generator

१७. Pile Driver अन्य यान्त्रिक उपकरणहरु भन्दा भिन्न प्रकृतिको उपकरण (विशेष गरि पुल निर्माण कार्यमा प्रयोग हुने) । यो उपकरण कार्यस्थलमा लैजानु अगाडी Dismantling गर्नुपर्ने, कार्यस्थलमा पुगे पछि Erection/ Commissioning गर्नु पर्ने र काम समाप्त भएपछि पुनः Dismantling गरि सम्वन्धित यान्त्रिक निकायमा पुऱ्याउनु पर्ने हुदां उक्त कार्यमा उपकरण प्रयोग भए वापत वढिमा २० दिन सम्मको लागि सिफ्ट हायर रेट अनुसार लाग्ने भाडाको ५ प्रतिशत मात्र भाडा लाग्नेछ ।

यसै गरी Pile Driver उपकरण कार्यको प्रकृती हेर्दा लगातार दिन भरी संचालन गर्न नसकिने हुन्छ । नयां Pile ठोक्ने क्रममा समय समयमा उपकरण बन्द गरी पुनः संचालन गर्नु पर्ने भएकोले उपकरण बिना संचालन बस्ने हुन्छ । यसरी उपकरण विना संचालन बसेको अवस्थामा सो अबधिको ५० प्रतिशत अबधिमा भाडा नलाग्ने, बांकी ५० प्रतिशत अवधिमा पुरा भाडा लाग्ने र उपकरण संचालन भएको अवधिको पुरा भाडा लाग्नेछ ।

उदाहरणको लागि कुनै ठेकेदारले ८० दिनको लागि Pile Driver भाडामा लिएमा ८० दिनमा २० दिनको लागि सिफ्ट हायर रेट अनुसार लाग्ने भाडाको ५ प्रतिशत भाडा लाग्ने, उक्त २० दिन कटाई बांकी ६० दिन अवधि भित्र ३० दिन उक्त उपकरण बिना संचालन बसेमा १५ दिनको लागि भाडा नलाग्ने र बिना संचालन वसेको बांकी १५ दिन र मेशिन चलेको ३० दिन गरी जम्मा ४५ दिनको सिफ्ट हायर रेट अनुसार पुरा भाडा लाग्नेछ ।

तर यो यान्त्रिक उपकरण Pile Driver को रुपमा प्रयोग नगरी Drag line, Crane आदी अन्य उपकरणको रुपमा  प्रयोग भएमा उपरोक्त सुविधा दिइने छैन

१८. यान्त्रिक उपकरण उपलब्ध गराउदा यान्त्रिक उपकरण प्रयोग कर्ताले अनिवार्य रुपमा समय र मिति जनाई यान्त्रिक उपकरण वुभ्नु पर्नेछ । यान्त्रिक उपकरण फिर्ता गर्दा यान्त्रिक उपकरण फिर्ता बुभ्ने निकायले अनिवार्य रुपमा समय र मिति जनाई वुभ्नु पर्नेछ ।

१९. यान्त्रिक उपकरण भाडामा लिदा यान्त्रिक उपकरण साथ अप्रेटर पनि खटाई पठाइने छ । सडक विभाग भन्दा वाहिरका अप्रेटरलाई उक्त यान्त्रिक उपकरण चलाउन लगाउनु परेमा विभागीय स्वीकृती लिनु पर्नेछ ।

२०. कुनै यान्त्रिक उपकरण लो वेड ट्रेलर, ट्रक वा अन्य ढुवानी साधनमा राखी बोकी लगेमा बोकिएको यान्त्रिक उपकरण फिर्ता भएको दिन १ मात्र भाडा नलाग्ने र अन्य सवै दिन वोकिएको यान्त्रिक उपकरणको पनि पुरा भाडा लाग्नेछ ।

२१. काम नसकिकन यान्त्रिक उपकरण बिग्रि वा अन्य कारणले फिर्ता गर्न परेमा फिर्ता गर्न लाग्ने खर्च समेत प्रयोग कर्ताले व्यहोर्नु पर्नेछ ।

२२. यान्त्रिक उपकरण प्रयोग भए वापत सम्वन्धित यान्त्रिक निकायवाट बिल पेश भएको १५ दिन भित्र भाडा रकम भुक्तानी गरि सक्नु पर्नेछ । अन्यथा १० प्रतिशत व्याज सहित असूल गरिनेछ ।

२३. खटिएको अप्रेटर/ मेकानिक आदीले पाउने टि.ए.डि.ए. तथा ओभर टाइम भत्ता यान्त्रिक उपकरण प्रयोग कर्ताले व्यहोर्नु पर्नेछ ।

२४. आवश्यकतानुसार सडक विभागले अरु थप शर्तहरु पनि राख्न सक्नेछ ।